# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ८८ | काठमाडौं | बिहीबार, ४ साउन २०८० | Prabhab National Daily | Thursday, July 20, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं**

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुंगी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने टयांकी समय समयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी टयांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समय समयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# निसानामा गगन–विश्व





**कांग्रेस केन्द्रीय समिति बैठक**

- बुधबारको बैठकमा धारणा राख्ने अधिकांश सदस्य देउवापक्षका
- गगन र विश्वलाई चेतावनी : तपाईंहरूको पनि विकल्प खोज्नु नपरोस्
- भित्र एउटा बोल्ने बाहिर अर्को बोल्ने महामन्त्रीद्वयलाई प्रत्यक्ष प्रसारणले ठीक गरेको जीवनबहादुर शाहीको दाबी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक मंगलबारदेखि पार्टी केन्द्रीय कार्यालयमा जारी छ । बुधबारको बैठकमा अधिकांश केन्द्रीय सदस्यहरुले दुई महामन्त्रीमाथि निसाना साँधे । बिहान ११ बजेबाट पार्टीको केन्द्रीय कार्यालय सानेपामा सुरु भएको बैठकको प्रारम्भमै प्रदेश सभापतिहरु महामन्त्री गगन थापामाथि खनिए । प्रदेश सभापतिहरुको आरोप थियो–गगनले ल्याएको कांग्रेसको क्यालेण्डरमा प्रदेश समेटिएन ।

बागमती प्रदेशका सभापति इन्द्र बानियाँले महामन्त्री थापाले प्रस्तुत गरेको पार्टीको क्यालेण्डरमा प्रदेश नभेटिएको आक्षेप लगाए । 'महामन्त्रीको क्यालेण्डरमा प्रदेश भेटिनँ । कहीँ भेटिएन,' बुधबारको केन्द्रीय समितिमा आफ्नो भनाइ राख्ने क्रममा बानियाँले भने ।

सुदूरपश्चिम प्रदेशका सभापति वीरबहादुर बलायरले पनि प्रदेशबारे क्यालेण्डर मौन रहेको दाबी गरे । बलायरले भने, 'प्रदेश समितिको भूमिकाबारे मौन छ । प्रदेशलाई पनि अधिकार दिनुपर्छ ।' त्यसो त उनले यो कार्यतालिका कार्यान्वयनमै शंका व्यक्त गरे । 'क्यालेण्डर कार्यान्वयनमा अवरोध आउने देख्छु,' बलायरले भने ।

मधेस प्रदेशका सभापति कृष्ण यादवले जिम्मेवारी नदिए प्रदेश नै खारेज गरिदिए हुने चेतावनी दिए । 'प्रदेशलाई जिम्मेवारी नदिए खारेज गरिदिए हुन्छ । हामी जिल्लामा भ्mछौं,' यादवले भने । गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले पनि केन्द्रले प्रदेश कार्यसमितिलाई बाहिर राख्ने काम गरिरहेको आरोप लगाए ।

'जिल्ला सभापतिहरुको भेला भयो । प्रदेशलाई जानकारी नै छैन,' शर्माले भने, 'प्रदेशलाई बाहिर राख्ने काम भएको छ । हामीलाई कमजोर बनाए पार्टी पनि कमजोर हुन्छ ।'

लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुनले प्रदेशलाई दबाएर चलाउन

(बाँकी पृष्ठ २ मा)

# विमानस्थलबाट करिब १०० किलो सुन बरामद

**काठमाडौं (प्रस)–** राजस्व अनुसन्धान विभागले बुधबार साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा गरेको अपरेसनमा ८० किलोभन्दा माथिको सुन बरामद गरेको छ । विभागका महानिर्देशक नवराज ढुंगानाले ८० देखि १०० किलोको बीचमा रहेको सुन बरामद गरिएको जानकारी दिए । उनकाअनुसार उक्त सुन ओसारपसारमा संलग्न रहेका तीन जनालाई पक्राउ गरेको छ ।

विशेष सूचनाका आधारमा विमानस्थल पास भएर आएको ठूलो परिमाणको सुन बरामद भएको विभागले जानकारी दिएको छ । विमानस्थल पास भएर आएको उक्त सुन विमानस्थल भन्सार गेट अगाडिबाट टयाक्सीमा हालेर लैजान लागेका बेला बरामद भएको ढुंगानाले बताए । उनले सुन हङकङबाट आएको खुलेको जानकारी दिए । सुनबारे थप अनुसन्धान जारी रहेकोसमेत उनले बताए ।

# सेना घटाउने प्रस्तावले संशय

■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली सेनाको संख्या घटाउने बहसले राष्ट्रिय राजनीति गर्माएको छ । अर्थविद् तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. स्वर्णिम वाग्ले र एमाले सांसद डा. विमला राई पौडेलले यो बहसलाई सतहमा ल्याएका हुन् ।

देश आर्थिक संकटमा गुज्रिरहेको तर्क गर्दै उनीहरूले सेनाको संख्या घटाउनुपर्ने प्रस्ताव अघि सारेका हुन् । देशमा द्वन्द्व नभएकाले पनि बढी देशलाई धेरै सेना आवश्यक नहुने उनीहरूको अर्को तर्क छ । सांसद वाग्लेले प्रतिनिधिसभा र राईले राष्ट्रिय सभामा यससम्बन्धी बारम्बार बहस चलाइरहेका छन् ।

सरकारको रक्षा रणनीतिअनुसार राष्ट्रिय सुरक्षाको जिम्मा सेनालाई छ । यति महत्त्वपूर्ण सुरक्षा निकाय सेनाको संख्या घटाउने बहसमा यतिबेला राजनीतिक दलहरू विभाजित बनेका छन् । अर्कातिर, रक्षा मामिलाका जानकारहरूले सेनाको संख्या घटाउने बहसलाई रुचाएका छैनन् । यस्तो बहस निरर्थक र राष्ट्रिय सुरक्षाको जिम्मेवार सैन्य शक्तिमाथिको प्रहारको रूपमा उनीहरूले बुझेका छन् ।

पूर्वमेजर प्रेमकुमार तामाङ सेनाको संख्या घटाउने बहसलाई प्रायोजित ठान्छन् । यस्ता बहस सेनालाई कमजोर बनाउने मनसायबाट चलाइएको रूपमा उनले अर्थ्याए ।

'सिङले भैंसी स्वयंको रक्षा गर्छ । त्यसरी नै देशको रक्षा सेनाले गर्छ,' उनले प्रभावसँग भने, 'तर, देश जोगाउने सेनाको संख्या घटाउने प्रस्ताव किन आयो ? कसरी आयो ? अहिले यति भनौं, यो बहस प्रायोजितरूपमा चलाइएको हो ।'


सैनिक मुख्यालय जंगी अड्डाका अनुसार नेपाली सेनामा दरबन्दी ९६ हजार ४७७ जनाको छ । दरबन्दीअनुसार भने सैन्य जनशक्ति छैन । ८१ हजार २७७ जनामात्रै सेना छन् । १५ हजारभन्दा बढी सेनाको पद रिक्त छ ।

अझ तत्कालीन नेकपा माओवादीको नेतृत्वमा भएको सशस्त्र विद्रोह पहिले त सेनाको संख्या निकै कम थियो । विद्रोहलाई दमन गर्न सेनाको संख्या बढाइएको थियो । त्यसमा पनि माओवादी शान्ति प्रक्रियामा आइसकेपछि जनमुक्ति सेनाहरूलाई नेपाली सेनामा समायोजन गरिएको थियो । त्यसबेलादेखि सेनाको दरबन्दी संख्या बढेको हो ।

यहीबेला सांसदद्वय वाग्ले र राईले सेनाको संख्या घटाउनुपर्ने प्रस्ताव ल्याएका हुन् ।

बिग्रेडियर जनरल डा. प्रेमसिंह बस्न्यात सेनाको संख्या घटाउनुको सट्टा बढाउँदै थप अत्याधुनिक हातहतियारको व्यवस्थापनमा केन्द्रित हुनुपर्ने बताउँछन् । परम्परागत सेनाले अब देशको रक्षा गर्न चुनौतीपूर्ण हुने भन्दै उनले सेनाको संख्या नघटाई आधुनिकीकरणमा राजनीतिक नेतृत्वहरूको ध्यान केन्द्रित हुनुपर्नेमा पनि उनको जोड छ ।

'जसले सेनाको संख्या घटाऔं भने त्यहाँ शंका गर्नुहोस्, ती अराष्ट्रिय तत्व हुन्,' उनले भने, 'देशभक्तिले सेनाको संख्या घटाऔं कहिल्यै भन्दैन,' उनले भने, 'बरु यस्तोबेला त सेनालाई थप अत्याधुनिक हातहतियारले सुसज्जित पार्ने, आधुनिकीकरणमा जोड दिने पो गर्नुपर्छ ।'



- सेनाको संख्या घटाउनुपर्ने सांसदहरु डा. स्वर्णिम वाग्ले र डा. विमला राई पौडेलको प्रस्ताव
- आर्थिक संकटमोचन र अहिले युद्ध नभएको तर्क
- संख्या घटाए देशको राष्ट्रिय शक्तिमा ह्रास आउने रक्षा मामिलाका जानकारहरूको तर्क
- सेनामा दरबन्दी ९६ हजार ४७७ जना
- हालको सेना ८१ हजार २७७ जना

सेनाको संख्या घट्दा देशको शक्ति घट्ने तामाङ र बस्न्यातसहितका सैनिक अधिकारीहरूको मत छ । तर, सेना घटाउनेबारे बहसकर्ता सांसदहरू भने त्यसलाई अस्वीकार गर्छन् । उनीहरूको विचारमा वर्तमान आर्थिक संकटसँग जुध्ने उपाय नै सेनाको संख्या कटौती हो ।

२६ असारमा एमाले सांसद राईले बजेटमाथिको छलफल चलिरहँदा ८०-९० हजार सेना किन चाहिन्छ ? भन्दै रक्षामन्त्री पूर्णबहादुर खड्कालाई लक्षित गर्दै प्रश्न गरेकी थिइन् । 'हाम्रो देशको स्वार्थ रक्षा गर्न नसक्ने रक्षा मन्त्रालयले ८०-९० हजार सेना चाहिन्छ कि चाहिँदैन ? पुनरावलोकन गरौं,' राईको प्रश्न थियो ।

वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारमा उनी यसअघि परराष्ट्रमन्त्री थिइन् । उनले दिएको सेनाको संख्या घटाउने सम्बन्धी विचार भने पार्टीको आधिकारिक नभएको पार्टी अध्यक्ष केपी शर्मा ओलीले बताइसकेका छन् । यद्यपि, यसबारे बहस अझै चलिरहेको छ । फेरि, छिमेकी देश भारतले अर्थतन्त्रमा संकट आउँदा घरिघरी सेनाको कटौती गर्ने गरेको छ । श्रीलंकाले त यसअघि नै सेनाको संख्या घटाएको छ । यी दुई देशले गरेको सैन्य कटौतीको अनुशरण गरेर अर्थतन्त्रलाई लयमा फर्काउने एउटा जुक्ति हुने बहस थालनी गर्ने सांसदद्वय बताउँछन् ।

दुवै सांसदको सामाजिक सञ्जालहरूमा भने चर्को आलोचना भइरहेको छ । अमेरिकी सेना ल्याउने गोप्य योजनाअनुसार नेपाली सेनाको संख्या घटाउने प्रपञ्च रचेको अर्थमा कतिपयले बुझेका छन् । किनभने दुवै सांसद 'अमेरिकी लबी'को रूपमा चिनिन्छिन् । यद्यपि, भिन्नभिन्न दलका हुन् ।

उनीहरूको अभिव्यक्तिलाई लिएर राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले असन्तुष्टि व्यक्त गरेका छन् ।

उनले राष्ट्रिय सुरक्षाको महत्त्वपूर्ण अंगका रूपमा रहेको सेनालाई चलाउन नहुने राय प्रकट गरे । यसरी बहस गर्नुलाई उनले रहस्यमयी, अनुचित र दुर्भाग्यपूर्ण भनेका छन् ।

यसअघि रक्षामन्त्री पूर्णबहादुर खड्काले सेनाको संख्या घटाउन नहुने बताएका थिए । त्यसबारे सरकारको योजनासमेत नभएको धारणा संसद्मा राखेका थिए ।

सत्तारुढ र धेरै विपक्षी दलहरू पनि सेनाको संख्या घटाउन नहुने पक्षमा छन् ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## मानवअधिकार आयोगको आग्रह

# 'विमानस्थलबाट फर्काइएका श्रमिकलाई क्षतिपूर्ति देऊ'

■ प्रभाव संवाददाता




**काठमाडौं–** राष्ट्रिय मानवअधिकार आयोगले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फर्काइएका कामदारहरुलाई क्षतिपूर्ति दिन सरकारलाई आग्रह गरेको छ । वैदेशिक रोजगारीका लागि कुवेत हिँडेका कामदारलाई विमानस्थलबाट फर्काइएकोप्रति ध्यानाकर्षण भएको भन्दै आयोगले क्षतिको आकलन गरी क्षतिपूर्तिको व्यवस्था गर्न आग्रह गरेको हो ।

आयोगले बुधबार एक विज्ञप्ति जारी गर्दै संस्थागत श्रम स्वीकृति लिई वैदेशिक रोजगारीका लागि कुवेत र जोर्डन प्रस्थान गर्न लागेका १५६ जना नेपाली नागरिकलाई विमानस्थलस्थित अध्यागमन कार्यालयले प्रस्थानमा लगाएको रोकले उनीहरूको अधिकार प्रचलनमा प्रभाव पारेको जनाएको छ । आयोगले भनेको छ, 'संस्थागत श्रम स्वीकृति लिई कामका लागि कुवेत/जोर्डन जान लागेका श्रमिकहरुलाई २०८० असार २४ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका अधिकारीहरूले कागजातहरू शंकास्पद रहेका भनी फर्काएको र उक्त विषयलाई लिएर जिम्मेवार निकायहरूबीच सार्वजनिकरूपमै आरोप प्रत्यारोप भएको अवस्थाले ती निकायहरु श्रमिकहरूको अधिकारप्रति संवेदनशील हुन नसक्दा आप्रवासी कामदारहरूको अधिकार उपभोग र प्रचलनमा अवरोध हुन पुगेको स्पष्ट देखिएको छ ।'

केही दिनअघि विमानस्थलबाट फर्काइएका कामदारका सम्बन्धमा अध्यागमन विभाग र वैदेशिक रोजगार विभागबीच विज्ञप्तिमार्फत क्षेत्राधिकारको विषयलाई लिएर आरोपप्रत्यारोप नै भएको थियो । सेवा प्रवाहका लागि यस्ता विषयहरूमा गम्भीर हुन आयोगले सम्बन्धित निकायहरूको ध्यानाकर्षणसमेत गराएको छ । श्रम प्रशासन र अध्यागमन प्रशासनबीच समन्वय, सहकार्य, सूचनाको आदानप्रदान र विश्वसनीयताको अभावका कारण कामदारहरुको आवतजावत र रोजगारीको हक उल्लंघन हुन गएको आयोगले प्रारम्भिक अनुगमनबाट देखिएको उल्लेख गरेको छ ।

आयोगले विमानस्थलबाट वैदेशिक रोजगारीका लागि प्रस्थान गर्न लागेका श्रमिकलाई फर्काइनुको स्पष्ट कारण प्रकाशमा नल्याइएको भन्दै जिम्मेवार निकायहरूबीच प्रभावकारी समन्वय हुन आवश्यक रहेको बताएको छ । आप्रवासी श्रमिकहरूको अधिकारप्रति संवेदनशील हुनेमात्र नभई आर्थिक क्षतिपूर्ति दिनुपर्ने तथा उनीहरुलाई विमानस्थलबाट फर्काउने कार्यमा संलग्न अधिकारीलाई थप जिम्मेवार बनाउनुपर्ने विज्ञप्तिमा जनाइएको छ । यससँगै आप्रवासी श्रमिकको अधिकार संरक्षण सम्बन्धमा आयोगले विगतमा पटक-पटक गरेका सिफारिसहरूको कार्यान्वयनका लागि पनि सरकारसँग आग्रह गरेको छ ।

संस्थागत श्रम स्वीकृति लिएर रोजगारीका लागि विदेश हिँडेका कामदारलाई विमानस्थलबाटै फर्काइएको घटनामा मानवअधिकार आयोगले नै क्षतिपूर्तिको व्यवस्था गर्न आग्रह गर्नुले अध्यागमन कार्यालयको गल्ती पुष्टि भएको वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'आयोगले प्रारम्भिक अनुगमनकै क्रममा श्रमिकको आवतजावत र रोजगारीको हक उल्लंघन भएको निष्कर्ष निकालेको छ,' उनले भने, 'यसबाट के पुष्टि हुन्छ भने, विनाकारण श्रमिकलाई फर्काउने अध्यागमन विभागले क्षतिपूर्ति दिनैपर्छ र हाम्रो माग पनि यही हो ।'

# मलेसियामा प्रभावकारी बन्दै 'रिक्यालिब्रेसन' कार्यक्रम

**काठमाडौं (प्रस)–** मलेसियाले महत्त्वपूर्ण पाँचवटा आर्थिक क्षेत्र निर्माण, उत्पादन, वृक्षरोपण, कृषि र सेवा उद्योगमा श्रमिक अभाव कम गर्न करिब चार लाख आप्रवासी कामदार ल्याएको जनाइएको छ । सरकारले ११ लाख ३६ हजार विदेशी कामदारका लागि कोटा स्वीकृत गरेको भए पनि रोजगारदाताले आर्थिक अभावका कारण चरणबद्धरूपमा कामदार भर्ना गर्नेजस्ता कारणले चार लाखमात्रै ल्याएको गृहमन्त्री सैफुद्दीन नासुशन इस्माइलले बताएको त्यहाँको सञ्चारमाध्यम मलायमेलले जनाएको छ ।

गृहमन्त्री स्माइलले यस वर्षको पहिलो छ महिनामा पाँच लाख १८ हजार कामदारका लागि सरकारले दिएको स्वीकृतिअनुसार नै आप्रवासी कामदारलाई रोजगारी दिन स्थानीय रोजगारदातालाई छुट दिएको र देशमा पहिलेदेखि नै कागजपत्रविहीन कामदारलाईसमेत वैधानिक गराएको बताए । गृहमन्त्रीले स्वीकृत कोटा र रिक्यालिब्रेसन कार्यक्रमअन्तर्गत दर्ता भएका संख्यालाई हेर्दा कार्यबलको आवश्यकता पूरा हुने विश्वास व्यक्त गरेको सञ्चारमाध्यमले जनाएको छ ।

पहिलो त्रैमासिकमा लक्ष्यमा कामदार पुऱ्याउन नसके पनि दोस्रो त्रैमासमा पुग्ने बताइएको छ ।

गृहमन्त्री स्माइलले अवैध आप्रवासी श्रमिक रिक्यालिब्रेसन कार्यक्रम २.० मा करिब छ लाख ८० हजार विदेशी कामदार संलग्न रहेको बताए । कोभिड-१९ महामारीका कारण कमजोर बन्दै गएको देशको श्रमशक्तिलाई पूरा गर्न रिक्यालिब्रेसन कार्यक्रम यसै वर्षको जनवरीदेखि सुरु गरिएको भन्दै यसको प्रभावकारी प्रयोग भइरहेको सञ्चारमाध्यममा उल्लेख गरिएको छ ।




# अपांगता अधिकारसम्बन्धी महासन्धिको प्रभावकारी कार्यान्वयनमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि २००६ को कार्यान्वयन अनुगमन (संघीय तह) को संक्षिप्त प्रतिवेदन सार्वजनिक भएको छ । राष्ट्रिय अपांग महासंघले बुधबार राजधानीमा एक कार्यक्रमबीच उक्त प्रतिवेदन सार्वजनिक गरेको हो ।

संक्षिप्त प्रतिवेदनको औचित्य र यसको प्रभावकारिताका विषयमा सहजकर्ता मनिष प्रसाइँले प्रस्तुति दिएका थिए । उनले महासन्धिपछि नेपालले अन्तर्राष्ट्रिय मञ्चमा देखिनेगरी भएका काम कारबाहीका बारेमा जानकारी दिँदै बलियो उपस्थिति जनाउन नसकेको बताए । नेपाल सरकारले अपांगता क्षेत्रमा ल्याएका नीति नियमहरु प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षले जोड दिनुपर्ने उनको भनाइ छ ।



कार्यक्रममा समावेशी आयोगका सदस्य हरिदत्त जोशीले प्रतिवेदनले धेरै कुरा समेटेको भन्दै सरकारी संयन्त्रबाट हुनुपर्ने गतिविधिका लागि सधैँ सहयोगी भूमिका खेल्न तयार रहेको बताए । यस क्षेत्रमा केही जटिल समस्याहरु भए पनि त्यसको निराकरणका लागि सरोकारवालाहरु मिलेर अघि बढ्नुपर्ने बताए ।

महासंघका अध्यक्ष देवीदत्त आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागीहरुले अपांगता भएका व्यक्तिहरुको अधिकारका बारेमा हालसम्म सरकारी तहबाट भए गरेका क्रियाकलापबाट सन्तुष्ट हुने अवस्था नरहेको बताए । उनीहरुले सरकारी कमीकमजोरी औंल्याइँदै अपांगताका क्षेत्रमा सरकारले भविष्यमा गर्नुपर्ने कार्यक्रम अहिले नै तय गर्नुपर्ने आवश्यकता रहेको बताए ।

अपांगता अधिकारकर्मी डा. वीरेन्द्रराज पोखरेलले नेपालका समावेशी राष्ट्रिय आयोग, मानवअधिकार आयोग र तालुकदार मन्त्रालय विशेष जिम्मेवार बन्नुपर्ने बताए । उनले नेपालले हरेक वर्ष आयोजना हुने 'स्टेट पार्टी कन्फरेन्स'मा बलियो र दरिलो सहभागिताका लागि जोड दिए । अपांग अधिकारकर्मी भोजराज श्रेष्ठले पनि अपांगता भएका व्यक्तिहरुको अधिकार रक्षाका लागि सबै पक्षले काम गर्नुपर्ने बताए । अधिकारकर्मी रेणु लोहनीले पनि अपांगता भएका व्यक्तिहरुको हितका लागि राज्यका साथै गैरसरकारी संस्थाका साथै जनस्तरबाट निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा प्रकाश पारेकी थिइन् ।

यस्तै श्रम, रोजगार तथा सामाजिक मन्त्रालयका सहसचिव डण्डुराज घिमिरे, महिला तथा बालबालिका मन्त्रालयकी प्रतिभा राई, नेपाल मानवअधिकार आयोगकी कल्पना नेपाल, राष्ट्रिय योजना आयोगका सदस्य डा. किरण रूपाखेतीलगायतले अपांगता भएका व्यक्ति र उनीहरुको अधिकारका लागि सरकारी संयन्त्रबाट नीतिगतरूपमा नै समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## निसानामा...

पृष्ठ १ बाट जारी

खोज्दा राम्रो नहुने चेतावनी दिए । 'प्रदेश सरकारलाई पनि कमजोर बनाउन खोजिएको छ । दबाएर चलाउन खोज्दा राम्रो नहोला,' पुनले भने ।

कर्णालीका सभापति शाहीले पार्टीको केन्द्रले नै विधानविपरीत काम गरेको आरोप लगाए । 'विधानविपरीत काम नहोस् । आदरणीय महामन्त्रीहरुलाई हिन्दुस्तानका सिनेमा हेर्दा 'पोइन्ट टु बि नोटेड' भनिन्छ । पदाधिकारीले पनि नोट गर्नुहोला,' शाहीले भने, 'विधानको ३८ पेजमा र ३९ को पेजमा भएको एक-एक अक्षर केलाएर हेरें । केन्द्रीय समितिलाई स्वतः निष्कासित गरेका व्यक्तिहरुले अनुशासन समितिको एकल निर्णयले २०८० असार १७ गते निवेदन दिनुहुन्छ । अनि कारबाही फुकुवा भन्नुहुन्छ । कसरी एकल अधिकार पाउनुभयो ?'

### निसानामा गगन-विश्व

मंगलबार विभिन्न प्रतिवेदन प्रस्तुत गरिएको केन्द्रीय समितिमा दोस्रो दिन बुधबारबाट केन्द्रीय सदस्यहरुले धारणा राख्न सुरु गरेका हुन् । बुधबारको बैठकमा अधिकांश पार्टी सभापति शेरबहादुर देउवापक्षका केन्द्रीय सदस्यहरुले धारणा राखे । धारणा राख्ने क्रममा अधिकांशले महामन्त्री थापा र शर्मामाथि प्रश्न गरे । केन्द्रीय सदस्य लक्ष्मी खतिवडाले दुई महामन्त्रीले दायरा फराकिलो नबनाए विकल्प खोज्नुपर्ने अवस्था आउने चेतावनी दिइन् ।

'दुई जना नै महामन्त्रीलाई विनम्रतापूर्वक आग्रह छ, कांग्रेस बलियो बनाउन कांग्रेसलाई एक ढिक्का बनाएर सही रोडम्यापमा लैजाने उद्देश्यका साथ तपाईंहरु हामी सबैको नेतृत्व लिनेगरी अगाडि बढ्नुहोला,' खतिवडाले भनिन्, 'तपाईंहरुले दायरा फराकिलो बनाउनु भएन भने जसरी तपाईंहरु हरू कसैको विकल्प खोज्छौं भन्दै हुनुहुन्छ । तपाईंहरुको विकल्प पनि हामीहरुले खोज्ने विकल्प नआओस् ।'

केन्द्रीय सदस्य रामहरि खतिवडाले पछिल्लो समय संस्थापनइतरका नेता डा. शेखर कोइराला मौन रहेकोमा धन्यवाद दिए । 'शेखर कोइरालालाई धन्यवाद । पार्टीलाई संयम बनाएर लाने विषयमा उहाँ लाग्नुभएकोमा,' खतिवडाले भने । खतिवडा देउवानिकट नेता हुन् । उनले सांसदमा महामन्त्रीहरु क्षणक्षणमामात्रै आउने उल्लेख गर्दै प्रतिपक्षको प्रस्तुति हेर्न आग्रह गरे । 'संसद्मा सभापति यदाकदा जाने, उपसभाति दुईजनै मन्त्री भएर उपस्थिति कम हुने । महामन्त्रीहरू छिनछिनमा आउने, देखापर्ने । तर, प्रतिपक्षले कसरी हल्लाउँछन् संसद् भन्ने देख्नुभा'छ ? कसरी चलेको होला ? त्यो बारेमा पनि प्रत्येक दिन छलफल गरेर संसद्मा जाने पद्धति भयो भने कांग्रेस त्यहाँ पनि अझ दह्रो भएर प्रस्तुत हुनेछ,' उनले भने ।

खतिवडाले 'मिसन-०८४' भन्दै हल्ला गर्नुभन्दा २१०० सालसम्मको कार्ययोजना बनाउनतिर लाग्न दुई महामन्त्रीलाई सुझाव दिए । 'मिसन-०८४ भनेर हल्ला आएको छ । अहिले नै डराएको छ उपनिर्वाचनबाट । अहिले नै गाली गरेर हिँड्दा राम्रो होला त ? बरु मिसन २१०० बनाउनतिर लागौं न,' खतिवडाले भने ।

केन्द्रीय सदस्य नैनसिंह महरले दुई महामन्त्रीले जिल्ला सभापतिहरुसँग गरेको छलफलको प्रक्रिया नपुगेको विषय उठाएका थिए । महरले पार्टी सभापतिको सहभागिता विनाजिल्ला सभापतिको भेला नभएको विगतको उदाहरण सुनाए । 'कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला पार्टी सभापति हुँदा सभापति नराखेर जिल्ला सभापति भेला भएको मैले सुनेको छैन,' महरले भने । असार २१ गते दुई महामन्त्रीले जिल्ला सभापतिहरुको भेला गराएका थिए ।

केन्द्रीय सदस्य जीवन रानाले सभापतिमात्र होइन, महामन्त्री पनि चुकेको बताइन् । 'पार्टी सञ्चालनमा सभापतिमात्र होइन, महामन्त्री पनि चुक्नुभएको छ । पार्टी विधानसम्मत सञ्चालन नभएको कुरामा तपाईं पनि अछुतो हुनुहुन्न,' उनले भनिन् ।

संस्थापनपक्षकै अर्का नेता कर्णालीका जीवनबहादुर शाहीले पनि महामन्त्री लक्षित गदै पार्टीको बैठक फेसबुकमार्फत 'लाइभ' भएकोले भित्र एउटा र बाहिर अर्को नबोल्न आग्रह गरे । महामन्त्रीद्वयले पार्टी बैठकभित्र एउटा र बाहिर अर्को बोलेर हिँड्न थालेको उल्लेख गर्दै शाहीले भने, 'यो लाइभले हामीले सद्बुद्धि देओस् । भित्र एउटा बोल्ने बाहिर अर्को बोल्ने ? अनि ठूला नेताहरूले जथाभावी गर्‍यो भने त्यसपछिको नेताहरूले पनि गर्नुभएन ।'

### देउवालाई सुझाव- बूढाहरूबाट पार्टी चल्दैन

मधेस प्रदेशका सभापति यादवले युवाहरु र विद्यार्थीहरु पार्टीमा शून्य हुँदै गएकोले पार्टी कमजोर बन्दै गएको तर्क गरे । उनले मधेसप्रति कांग्रेस उदासीन रहेकोसमेत आरोप लगाए । 'मधेस कांग्रेसको जननी हो । मधेस बलियो हुँदा कांग्रेस बलियो हुन्छ । मधेसप्रति उदासीन देखिन्छ कांग्रेस,' यादवले भने, 'संगठन जिरो छ । नेविसंघ जिरो छ । यस्तो अवस्थामा के नेतृत्वविरुद्ध बोल्न नपाइने हो ?'

कांग्रेसले युवाहरु गुमाउँदै लगेको अवस्थामा बूढाहरुबाट पार्टी नचल्ने उनको भनाइ थियो । 'युवाको पकड छैन । अब बूढाहरुबाट मात्र पार्टी चल्दैन,' यादवले भने ।

### सरकार छाड्दा बदनाम नहोस्

केन्द्रीय समिति बैठकमा केन्द्रीय सदस्य सीतादेवी देवकोटाले सरकार फेरिने हल्ला बजारमा चलेको सुनाइन् । 'बाहिर व्यापकरूपमा सरकार फेरिने हल्ला पनि बजारमा छ । देश र जनतालाई अघि राखेरमात्र पहिले अगाडि बढ्नुपर्छ । खेल सामान्य छैन । कि नेपाली कांग्रेस सकाउने कि माओवादी सकाउने खेल छ,' देवकोटाले भनिन्, 'भ्रष्टाचारीलाई कारबाही गरेको अवस्थामा माओवादीलाई छाडेर कांग्रेसले बद्नामी हुने अवस्था पनि आउनसक्छ,' यसलाई सुझबुझपूर्ण तरिकाले समाधान गर्न देवकोटाले सभापति देउवालाई आग्रह गरिन् । बुधबारको बैठक बिहीबार ११ बजे बस्नेगरी स्थगित भएको छ । बुधबार ४६ जना केन्द्रीय सदस्यले आफ्नो धारणा राखेका थिए । कांग्रेसमा अहिले १३ पदाधिकारीसहित १५७ जनाको केन्द्रीय समिति रहेको छ ।


## जो जससँग सम्बधित

उपरोक्त सम्बन्धमा धनुषा जिल्ला साबिक मिथिलेश्वर मौवाही गा. वि. स. वडा न. ९ हाल मिथिला बिहारी न. पा. वडा न. ३ बस्ने झप्सी साह फकिरको नाती मो. अनबर अली साहको छोरा वर्ष ३६ को मो. अजमत अली साहले का. म. पा. ९ बिजय चोक स्थित Max Employment Center Pvt. Ltd. (Govt. License No. 1531/078/079) को नाम दुरूपयोग गरी बिभिन्न समयमा बिभिन्न व्यक्तिहरुबाट मलेसिया मुलुकमा वैदेशिक रोजगारिमा पठाइदिन्छु भनी रकम संकलन गरी ठगी गरेको भन्ने सुन्नमा आएकोले यस प्रा. लि. को गम्भीर ध्यानाकर्षण भएको छ, निज मो. अजमत अली साह यस संस्थाको कहिल्यै पनि कुनै पदमा नरहेको जानकारी गराउदछौ र उपरोक्त कार्यमा पीडित भनिएका ब्यक्तिहरुले समेत कहिल्यै पनि यस कार्यालयमा प्रत्यक्ष नआइ आवश्यक कागजातहरु (माग पत्र, पुर्व स्वीकृति, भिषा तथा अन्तिम स्वीकृति आदी) नदेखी,चेक जाँच नगरि अन्यत्रै कारोबार गरी रकम बुझाएको देखिन आएकाले, पीडित भनिएका ब्यक्तिहरुहरुको यस संस्थासँग कुनै पनि किसिमको सरोकार नरहेको जानकारी गराउदै निजहरु (मो. अजमत अली साह लगाएत पीडित भनिएका ब्यक्तिहरुहरु) प्रती नेपाल सरकारका सम्बन्धित निकायले छानविन एवम सोधपुछ गरी आवश्यक कारवाहीको प्रकृया अगाडि बढाउन सहयोग गरी दिनु हुन अनुरोध गर्दछु , साथै कोहि कसैले यस्ता किसिम का कारोबार तथा लेनदेन गरे गराएमा यस संस्थाले कुनै किसिमको जिम्मेबारी र दायित्व नलिने,नब्योहोर्ने कुराको यसै सूचना मार्फत सुचित एवं जानकारी गराउदछौ ।

**Max Employment Center Pvt. Ltd.**

श्रम ईजाजत नं. १५३१/०७८/०७९

Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com


नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**

**बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, पनौती नगरपालिका वडा नं. ६ मा प्रस्तावित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदनमा राय सुझावका लागि आब्हान गरिएको सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८०/०४/०४**

प्रस्तावक श्री **राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान** महाराजगञ्ज काठमाडौं रहेको बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, पनौती नगरपालिका वडा नं. ६ मा प्रस्तावित श्री राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान आयोजनाको प्रस्ताव गरी उक्त आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन यस मन्त्रालयमा प्रस्तावकले पेश गरेको छ ।

प्रस्तावको प्राप्त प्रतिवेदन अनुसार बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, पनौती नगरपालिका वडा नं. ६ मा प्रस्तावित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले प्रहरी कर्मचारीका लागि आधारभूत र विशिष्ट प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने उद्देश्य रहेको छ । आयोजनाको जम्मा Built-up एरिया १,०९,२१५ बर्ग मिटर रहेको तथा पानीको कुल माग ६,३५,००० लि. प्रतिदिन रहेको छ । प्रतिष्ठानबाट फोहोर निस्काशन ५९.५ के. जि. प्रतिदिन हुने प्रतिवेदनमा उल्लेख छ । नेपाल सरकारको स्वामित्व भएको वन क्षेत्र ६.७ हेक्टर जग्गा आयोजनालाई आवश्यक पर्ने प्राप्त प्रतिवेदनमा उल्लेख गरिएको छ। वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने ब्यवस्था रहेकाले श्री राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्ज, काठमाडौं प्रस्तावक रहेको **राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान आयोजनाको** वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन देहाय बमोजिमका स्थानहरूमा र वन तथा वातावरण मन्त्रालयको वेवसाईट www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय-सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरूलाई समेत ध्यानमा राख्नेछ । उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण ब्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो राय-सुझाव निम्न ठेगानामा पठाइ दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु:**

- श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं ।
- श्री शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
- श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर ।
- श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रिय पुस्तकालय, किर्तिपुर, काठमाडौं ।
- श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरवार, काठमाडौं ।
- श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, कुसुन्ती, ललितपुर । (फोन नं. कुसुन्ती ५५५५४५४, महाराजगञ्ज ४४१५३७६)
- श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
- श्री नगर कार्यपालिकाको कार्यालय, पनौती नगरपालिका, काभ्रेपलाञ्चोक ।

**राय सुझाव पठाउने ठेगाना**

वन तथा वातावरण मन्त्रालय,
वातावरण प्रभाव अध्ययन शाखा
सिंहदरवार, काठमाडौ ।
फोन नं. ०१-४२११५६७, ४२११६३८
फ्याक्स नं. ०१-४२११८६८


## मोटरसाइकल हराएको-सुचना

मिति २०८०/०३/३० गते बेलुका बुद्धनगर नयाँ बानेश्वर घरमै पाकिङ्ग गरिराखेको ठाउँमा बागमती प्रदेश ०२ ०३९प ५२८८ को कालो रातो १५० सिसिको निम्न व्यहोरा भएको बजाज पल्सर मोटरसाईकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम: कमल बहादुर मगर
ईन्जिन नं.DHXP11C12617
च्यासिस नं.:MD2A11CX4MPD21292
सम्पर्क नं.: 9843497415



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAYEF MOHAMMAD SAMRAN ALMUTAIRI EST. FOR CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/04/३ LT. No. 289341 चलानी नं. ६०२०४८७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 1 | 0 | 1300 | ४५५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ११ गते (27th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**(वातावरण संरक्षण ऐन, २०७६ दफा ३ को उपदफा (५) सँग सम्बन्धित)**
**संक्षिप्त वातावरणीय अध्ययनतयारी सम्बन्धी सार्वजनिक सुनुवाइको सूचना**

(सूचना प्रकाशित मिति : २०८०/०४/०४)

बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, भुम्लु गाउँपालिका वडा नं ५ मा भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

**प्रस्तावको नाम : भुम्लु गाउँपालिकाको प्रशासकीय भवनको निर्माणको संक्षिप्त वातावरणीय अध्ययन**

माथि उल्लेखित प्रस्तावको वातावरणीय संरक्षण नियमावली, २०७७ को नियम ६ सँग सम्बन्धित रहेर यस भुम्लु गाउँपालिकाको प्रशासकीय भवनको निर्माणको लागि मस्यौदा प्रतिवेदन तयार भई अन्तिम वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न त्यस क्षेत्रका स्थानीय तहका प्रतिनिधि, स्थानीय वासी, सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधि, तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले निम्न उल्लेखित मिति तथा स्थानमा तोकिएको समयमा उपस्थित भइदिन हुन विनम्र अनुरोध गर्दछौं ।

| स्थान :भुम्लु गाउँपालिका-५, सल्ले | मिति : २०८०/०४/०८ | समय: बिहान ११:०० बजे |
|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CS GROCER SDN BHD

पूर्व स्वीकृति मिति २०८०/04/02 LT. No. 289507 चलानी नं. ६०२०४८१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wholesale Worker | 50 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १० गते (26th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**LEADER OVERSEAS PVT.LTD.**

Govt. License 1408/074/75

Samakhusi-26, Kathmandu, BAGMATI
Ph No.01-495039
Email :leaderoverseas2018@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASAHI INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/04/0९ पुन विज्ञापन स्वीकृति मिति २०८०/04/03 LT. No. 267959 चलानी नं. ६०१८३८३० 

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ११ गते (27th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061

Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESTABLISHMENT RAKIN AL-GHADDA WALAGIN FOR TRADING

पूर्व स्वीकृति मिति २०८०/0२/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/04/03 LT. No 287543 चलानी नं. ६०२०२९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 3 | 0 | 1200 | ४२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ११ गते (27th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

# ‘साइबर सुरक्षाका लागि प्रदेश नीति बनाउँदै छौं’



**पाटन (प्रस)–** बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले साइबर सुरक्षाका लागि प्रदेशले नीति बनाइरहेको बताएका छन् । सञ्चार रजिष्ट्रारको कार्यालयले बुधबार ललितपुरमा आयोजना गरेको साइबर सुरक्षा अवधारणा र अभ्यास पुस्तक विमोचन समारोहमा मन्तव्य राख्दै मन्त्री श्रेष्ठले साइबर सुरक्षाका लागि दक्ष जनशक्ति र रणनीति बनाउनु आवश्यक रहेको बताए ।

‘बागमती प्रदेशमा सूचना प्रविधि तथा साइबर सुरक्षासँग सम्बन्धित विषयका कानुन निर्माण गरी कार्यान्वयनमा लगिनेछ, अहिले साइबर सुरक्षाका लागि प्रदेशले नीति बनाइरहेको छ,’ उनले भने, ‘संघीय साइबर सुरक्षा नीति आएसँगै प्रदेशमा पनि साइबर सुरक्षासँग सम्बन्धित विषयमा सरोकारवाला निकायसँग छलफल गरेर परिमार्जन गरी कार्यान्वयन गर्न सकिने कानुन निर्माण गर्नेछौं ।’

प्रदेशमा निर्माण भएका अव्यावहारिक कानुन संशोधनको क्रममा रहेको जानकारी दिँदै मन्त्री श्रेष्ठले अगाडि भने, ‘सूचना प्रविधिको विकास र यसले निम्त्याएको चुनौतीको सामना गर्न संघ, प्रदेश र स्थानीय सरकारले एक्लै गर्न सक्दैन, सबै मिलेर साझा नीति तथा रणनीति बनाएर सामना गर्नुपर्ने हुन्छ, त्यो दिशामा प्रदेश सरकार प्रतिबद्ध भएर अगाडि बढिरहेको छ ।’

त्यस्तै पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहालले प्रदेशमा निर्माण भएका धेरै कानुन संघीय सरकारले निर्माण गरेकाभन्दा पनि पश्चगामी भएको भन्दै संशोधन गरेर नागरिकमैत्री र कार्यान्वयनमा आउन सक्ने बनाउन आग्रह गरे ।

बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले यस वर्ष साइबर सुरक्षाका साथसाथै जिल्ला तहका समाचारदातालाई लक्षित गरेर विधागत पत्रकारिताका लागि सहयोगी हुनेगरी पुस्तक प्रकाशन गर्ने बताए । उनले ज्येष्ठ पत्रकारको अनुभवलाई पनि पुस्तकमा समेटेर प्रकाशन गर्ने तयारी सञ्चार रजिष्ट्रारको कार्यालयले गरिरहेको बताए ।

### मुक्त कमैया घोषणाको २३ वर्ष

# सरकारी प्रतिबद्धता अधुरै

**कञ्चनपुर–** दुई दशकअघि लामो संघर्षपश्चात् मुक्तिको घोषणा हुँदा सरकारले गरेको प्रतिबद्धता पूरा नगर्दा मुक्त कमैया परिवार कष्टकर जीवन बिताउन बाध्य छन् । तत्कालीन सरकारले सुरक्षित आवास, निःशुल्क शिक्षा, स्वास्थ्यमा सहज पहुँचसँगै रोजागरीको सुनिश्चित गर्ने प्रतिबद्धता गरेको थियो ।

विगत सम्झँदै मुक्त कमैया समाजका केन्द्रीय उपाध्यक्ष जगरनाथ चौधरीले भने, ‘सरकारले मालिकबाट लिएको सौकीबापतको ऋण मिनाहा गर्‍यो, सहज जीवनयापनका लागि गरेको प्रतिबद्धता सुनेर सिंहदरबारबाट बाहिरिँदा निकै उत्साह लिएर फर्केका थियौं, मालिकको घरमा गरेको कष्ट सबै बिर्षेका थियौं त्यो बेला, दुःखका दिन अब अन्त्य भए, सहज जीवन चलाउन सकिने सपना बाकेर घर फर्केका थियौं ।’ मुक्तिको घोषणा भएको २३ वर्ष बिते पनि सरकारी प्रतिबद्धता पूरा नहुँदा निकै निराश भएको उनले उल्लेख गरे ।

‘पुनःस्थापना गराएको पाँच कठ्ठा जग्गामा घर निर्माण गर्नकै लागि ठिक्क छ,’ उनले भने, ‘परिवारको भरणपोषणको कार्य गर्न मजदुरीमा जानुपर्ने अवस्था विद्यमान छ । चुनावी एजेण्डामा मुक्त कमैयाका मुद्दालाई निकै प्राथमिकताका साथ उछालिन्छ । चुनाव सकिएपछि सबै मुद्दा ओझेलमा पर्छन्, राजनीतिक दृढइच्छाशक्ति नहुँदा मुक्त कमैया परिवारले आधारभूत अधिकारबाट वञ्चित हुनुपरेको छ ।’

मुक्त कमैया परिवारलाई नदी तटीय क्षेत्रको बलौटे जग्गा, वन क्षेत्र नजिकै, बजारभन्दा निकै टाढा पुनःस्थापना गराउँदा समस्या उत्पन्न भएको मुक्त कमैया अगुवा रामबहादुर रानाले बताए । ‘नदीले जग्गा कटान गर्दा धेरै परिवार भूमिहीन अवस्थामा पुगेका छन्,’ उनले भने, ‘वन क्षेत्र नजिकैको जग्गामा पुनःस्थापना गराइएका परिवार जंगली जनावरबाट पीडित भएका छन, बजार क्षेत्रभन्दा टाढा पुनःस्थापना गराइएका परिवार मजदुरी गर्नबाट वञ्चित छन् ।’ उनका अनुसार मुक्त कमैया श्रम ऐन २०५८ र नियमावली बनाइए पनि व्यवहारमा कार्यान्वयनमा नल्याइँदा मुक्त कमैया परिवार अझै पनि पुनःस्थापना हुनबाट छुटेका छन् । धेरै परिवारको हातमा लालपूर्जा भए पनि जग्गा चिन्न पाएका छैनन् ।

मुक्त कमैयाका अधिकांश परिवार थारु समुदायसँग सम्बन्धित रहेका छन् । थारु समुदायसँग परम्परागत सीप छ । ‘सीपलाई निर्खानका लागि आधुनिक तालिमको आवश्यकता छ,’ मुक्त कमैया अगुवा लाहुरे डगौराले भने, ‘सीपमा आधारित उद्योग सञ्चालन गरी मुक्त कमैयालाई व्यावसायिक बनाइनुपर्छ, यो कुरा धेरै पटक उठाएका छौं, सुनवाइ हुने गरेको छैन ।’

मुक्ति घोषणाको दुई दशक बित्दा सुरक्षित आवास, निःशुल्क शिक्षा, स्वास्थ्योपचार, रोजगारीको सुनिश्चित हुन नसकेको विनाचौधरीले बताए । उनका अनुसार कैलालीमा ९५३ र कञ्चनपुरमा १२९ गरी एक हजार ८२ मुक्त कमैया परिवार पुनःस्थापना हुनबाट छुटेका छन् । ‘भूमिसुधार कार्यालय हुँदा मुक्त कमैयाको वृत्ति विकासका लागि घुम्ती कोष सञ्चालन गरिने व्यवस्था थियो,’ उनी भन्छन्, ‘भूमिसुधार कार्यालय मालपोत कार्यालयमा गाभिएपछि कार्यक्रम आउन छाडेका छन् ।’

‘कोषको सोधिखोजी गर्दै मालपोत कार्यालयमा पुग्दा स्थानीय तहमा कार्यक्रम गएको छ भन्छन, स्थानीय तहमा जाँदा कार्यक्रम नै नभएको जवाफ दिएर फर्काउन्छन्,’ उनी भन्छन्, ‘स्थानीय तहले पनि मुक्त कमैयालक्षित गरी कार्यक्रम नै सञ्चालन नगर्दा अन्योलमा छौं ।’

घर निर्माणका लागि १० हजार रूपैयाँबाट तत्कालीन जिल्ला वन कार्यालयबाट कटनी मुछानीका लागि कटौती गरेको रकमबापतको काठ उपलब्ध हुनुपर्ने मुक्त कमैया अगुवाको भनाइ छ । जनता आवास कार्यक्रम अन्तर्गत भूमिहीन सुकुम्वासीसँगै मुक्त कमैयालाई अनिवार्य पक्की घरको व्यवस्था हुनुपर्ने उनीहरूको माग छ ।

कञ्चनपुरमा वि.सं. २०५७ को लगतमा समावेश भएका तीन हजार ४५ जना र वि.सं. २०५९ को लगतमा समावेश भएका एक हजार ४६१ गरी चार हजार ५०६ जनाले परिचयपत्र प्राप्त गरेका छन् । परिचयपत्र प्राप्त गरेकामध्ये चार हजार दुई हजार ८९ ले मात्रै जग्गा प्राप्त गरी पुनःस्थापना भएका छन् । वि.सं. २०५७ साउन २ गते कमैया मुक्ति घोषणा गरिएको थियो । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BINTANG PACKAGING INDUSTRIES (M) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/०२ LT. No. 289533 चलानी नं. ६०२०४८१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ११ गते (27th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: SAFARI COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०३ LT. No.287396 चलानी नं. ६०२०२७००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 81 | 0 | 1000 | ३५,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ११ गते (27th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

## मलेसिया/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SBH PERAK AGRO AQUACULTURE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०७९/१०/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०३ LT. No. 280304 चलानी नं. ६०१९५५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aquaculture Workers | 12 | 0 | 1500 | ४३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KAWADER INTERNATIONAL EMPLOYMENT SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०३/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०३ LT. No. 288252 चलानी नं. ६०२०३६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 50 | 0 | 1100 | ३९,२८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gypsum Carpenters | 50 | 0 | 1100 | ३९,२८१ | | | | | | | |
| 3 | Helper | 50 | 0 | 800 | २८,५६८ | | | | | | | |
| 4 | MASON | 50 | 0 | 1100 | ३९,२८१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ११ गते (27th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

## साउदीमा रोजगारको अवसर

कम्पनी : AL-TANOUR INDIAN RESTAURANT FOR POPULAR FOOD

पूर्व स्वीकृति मिति २०८०/०४/०३ LT No.289449 चलानी नं. ६०२०४८३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : YES YEM YECH INDUSTRIAL SERVICES CO. LTD

पूर्व स्वीकृति मिति २०७९/०१/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०३ LT No.261873 चलानी नं. ६०१७८४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ३५,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Vehice Driver | 1 | 0 | 1800 | ६३,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ११ गते (27th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**

Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, Email: inspireintemp@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :NIMAR CARPENTRY COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०४/०२ LT. No. 289587 चलानी नं. ६०२०४८४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaning Labor | 2 | 0 | 1200 | ४२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Cleaning Worker | 1 | 0 | 1300 | ४५,५९५ | | | | | | | |
| 3 | Workshop Worker | 2 | 0 | 1000 | ३५,०७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ११ गते (27th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068

Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4955765
Mobile: 9842381591, 9860684532

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEPTUNE TRADING CONTRACTING CLEANING AND HOSPITALITY

पुर्व स्वीकृति मिति २०८०/०४/०३ LT No. 289561 चलानी नं.६०२०४८५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3800 | १३७,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1100 | ३९,८०५ | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1800 | ६५,१३५ | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९०,४६५ | | | | | | | |
| 5 | Heavy Vehicle Driver | 1 | 0 | 2200 | ७९,६१० | | | | | | | |
| 6 | Mason | 1 | 0 | 1100 | ३९,८०५ | | | | | | | |
| 7 | Pipe Fitter | 1 | 0 | 1200 | ४३,४२५ | | | | | | | |
| 8 | Plumber | 1 | 0 | 1200 | ४३,४२५ | | | | | | | |
| 9 | Representative | 1 | 0 | 2500 | ९०,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ११ गते (27th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266,
985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!

## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रकियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

कम्पनी : NATIONGAE SYSTEM SDN BHD

Pre Approval Date : 2023/07/18 पूर्व स्वीकृति मिति : २०८०/०४/०२ LT. No.289525 एल टि न. २८९५२५ Invoice No.60204794 चलानी नं.६०२०४७९४

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 100 | 0 | सम्बन्धित काममा दक्ष | Basic Salary = 1500<br>Attendance Bonus = 50<br>Professional Allowance = 300<br>Night Shift RM5 per shift | आधारभूत तलब = ४२,६४५<br>उपस्थिति बोनस = १४४५<br>व्यावसायिक भत्ता = ८६६५<br>रातको प्रति सिफ्ट ५ रिंगिट | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छ Yes | | दुई वर्ष 2 Years |

नोट: आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

MOBHIRA H.R. SERVICE PVT. LTD. does not have any mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

नोट: मलेसियन इलेक्ट्रोनिक्स कम्पनिमा काम गरेको अनुभवि, +२ तथा डिप्लोमा ईन ईन्जिनियरिङ पास गरेको, अंग्रेजी भाषा लेख्न/बोल्न दक्ष आवेदक हुनुपर्नेछ । १८ देखि ४५ वर्ष सम्मकाले मात्र जानपाउने छन् ।

Interview will be held at Seven Star Point Hotel, Restaurant & Banquet on 9/10/11th August, 2023.
अन्तर्वता मिति: २०८०, साउन २४/२५/२६ गते सेभेन स्टार पोइन्ट, रेस्ट्रेन्ट एण्ड बेङ्क्वेट मा हुनेछ ।
प्रि-अन्तरवार्ता संस्थाको कार्यालयमा धमाधम भईरहेको छ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

यो विज्ञापन LT No. 289525 मिति: २०८०/०४/०३ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**

Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

## ZERO COST RECRUITMENT Opportunity For UAE!!

## शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

कम्पनी : QALAAT AL MANAKH GENERAL SECURITY GUARD SERVICES.

पूर्व स्वीकृति मिति २०७९/१०/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०३ LT. No. 280135 चलानी नं ६०१९५६२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1200 | ४२,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ११ गते (27th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९९१/०६७/०६८

**MAHAD MANPOWER PVT. LTD.**

Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### बूढीगण्डकीमा पहल सकारात्मक

प्रधानमन्त्री पुष्पकमल दाहाल बुधबार गोरखाको सिउरेनीटार पुगे । उनी गोरखा पुग्नुको उद्देश्य थियो बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना निर्माण प्रक्रियामा तरंग ल्याउन । दाहालले सिउरेनीटारमा रहेको 'फिल्ड अफिस' उद्घाटन गरे । विविध कारणले गिजोलिएको र लामो समयसम्म अघि बढ्न नसकेको राष्ट्रिय गौरवको आयोजना हो, बूढीगण्डकी । यो प्रधानमन्त्री दाहालले निर्वाचन जितेको गोरखाको क्षेत्र नम्बर २ मा पर्छ ।

'फिल्ड अफिस' को उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले यसको निर्माण कार्यलाई उच्च प्राथमिकता दिन सम्बद्ध सबैलाई निर्देशनसमेत दिए । दाहालले आयोजना निर्माण प्रक्रिया अघि बढ्नेमा अब कुनै द्विविधा बाँकी नरहेको दावीसमेत सिउरेनीटारमा गरे । बूढीगण्डकीमा फ्रान्सेली कम्पनीदेखि चिनियाँ कम्पनी गेजुवासम्मले निर्माणबाट हात झिकिसकेको छ । यस्तो अवस्थामा यो आयोजना नबन्ने चर्चासमेत चलेको थियो । तर, काठमाडौंस्थित कम्पनीको प्रधान कार्यालय गत असार ३१ गते ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले उद्घाटन गरेका थिए । दाहालले असारमै आफूले शिलान्यास गर्ने बताएका थिए । तर, उक्त वाचा पूरा नभएपछि दाहालले फिल्ड अफिस भए पनि उद्घाटन गरेको बुझिएको छ ।

सिउरेनीटारमा दाहालले यो आयोजना 'रेडी टु गो' रहेको र जतिसक्दो छिटो अगाडि बढाउन तयारी गरिरहेको दाबी गरे । एक हजार २०० मेगावाट उत्पादन क्षमता रहेको उक्त जलविद्युत् आयोजना गोरखा र धादिङ जिल्लाको सीमामा पर्छ । गोरखाको गण्डकी गाउँपालिका र धादिङको सिद्धलेक गाउँपालिकाको सिमानामा बाँध निर्माण, सिद्धलेक गाउँपालिकाको सलाङमा विद्युत्गृह निर्माण हुनेछ । आयोजना निर्माणका लागि सरकारले बूढीगण्डकी जलविद्युत् कम्पनी स्थापना गरिसकेको छ । सरकारले वि.सं. २०७९ असारमा आयोजना निर्माणका लागि कम्पनी स्थापना गर्ने निर्णय गरेको थियो । नेपालको ऊर्जा सुरक्षाका लागि महत्त्वपूर्ण मानिएको उक्त आयोजना निर्माणका लागि सरकारले ६० अर्ब रूपैयाँ अधिकृत पुँजी रहने गरी कम्पनी स्थापना गरेको थियो । तर, यो आयोजनाका लागि लगानीको कुनै टुंगो लागेको छैन ।

सन् २०१६ को बूढीगण्डकी जलविद्युत् आयोजना प्रतिवेदनअनुसार दुई खर्ब ६० अर्ब रूपैयाँ लागत अनुमान गरिएको थियो । पुनरवलोकन गरिएको अनुमानित लागत तीन खर्ब नाघ्ने जानकारहरूले बताएका छन् । कतिपयले लगानीको ठेगान नहुँदा प्रधानमन्त्री दाहालले हतारो गरेको आरोप लगाएका छन् । यद्यपि, राष्ट्रिय गौरवको आयोजनामा प्रधानमन्त्री आफैं अघि बढेर तातो लगाउनु सकारात्मक विषय पनि हो । आशा गरौं, प्रधानमन्त्रीले आयोजनाको काम पनि चाँडै सुरु गराउनेछन् ।

## मननयोग्य

### चाणक्य नीति

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' आचार्यले भने- 'श्रमको अभ्यास भएन भने बाँचेको मानिस पनि मृतसमान हुन्छ, यो कुरा सधैं सम्झिराख्नू' म यो पहिलो गुरुमन्त्रलाई सदैव सम्झिरहन्छु र प्राणभन्दा पनि वढी सुरक्षित राख्छु भनी विनम्र भई विष्णुगुप्तले भने ।

नित्यकर्मबाट निवृत्त भएपछि विष्णुगुप्त र आचार्यका बीच कुराकानी हुन लाग्यो- हेर बाबु ! मलाई तिम्रो प्रतिभामा पूर्ण विश्वास छ । धेरै टाढाबाट राजा, मन्त्री, सामन्तहरू विद्या आर्जन गर्न यहाँ आउँछन्, उनकै अनुदान आदिले विद्यालय चल्छ ।

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर ।

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नदी किनारमा कुलपतिसँग भेट भयो । क्रमशः

# 'स्वतन्त्र' नेतृत्वको जिम्मेवारी



डा. ज्ञान बस्नेत

ठूला दलले सत्ता चलाएको ४० वर्ष हुन लाग्यो तर निकास दिन नसकेको कुरा सत्य हो । अब आत्मसमीक्षा गरेर अगाडि बढ्नुको विकल्प छैन । यो भूगोल र सभ्यता केन्द्रमा राखेर नीति बनाउँदै नयाँ सिराबाट अगाडि बढ्नुपर्छ । यो देश कसैको पेवा होइन, राजनीतिक दल पनि राष्ट्रकै सम्पत्ति हो, जनताकै सम्पत्ति हो र कसैको पेवा हुन सक्दैन । अब सकिने कि सुध्रिने कुरा दलका तमाम कार्यकर्ता र नेतृत्वको कार्यशैलीमा भरपर्ने हुनाले अब कार्यशैली बदल्नुस्, आफ्नै सोचले अघि बढ्नुस् र सबैभन्दा ठूलो कुरा विधि विधानमा बसेर काम गर्ने परिपाटीको सूत्रपात गर्नुस् ।

देश अहिले अत्यन्त तरल अवस्थामा छ । आर्थिकरूपमा डामाडोल छ । दलहरु सत्ताकै खेलमा व्यस्त छन् । जनजीविका सुधारको कार्यमा प्रगति भएको छैन । नेताहरुको मनोग्रन्थीलाई हेर्दा देश फेरि अस्थिरतातर्फ जाने संकेत गर्छ । गठबन्धनको राजनीतिलाई संस्कार युक्त बनाउन सकेनन् । संविधान, कानुन कसैले मानेनन् । यसको उदाहरण अहिलेको कोशी प्रदेशलाई हेरे पुग्छ ।

केही समय पहिले जारी भएको नागरिकता विधेयक चोरबाटोबाट प्रमाणीकरण गरियो । पूर्वराष्ट्रपति विद्या भण्डारीले अस्वीकार गरेको विधेयकलाई वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरिदिए । पौडेल राष्ट्रपति भएपछि राजनीतिक लेनदेनमा चलिरहेको संसद्लाई छलेर प्रमाणीकरण गर्ने जस्तो हर्कत अराजनीतिकमात्र होइन, यो घोर असंवैधानिक पनि हो । गैरकानुनी हो । यो राष्ट्रप्रतिकै अपमानसमेत थियो । फेरि यसरी पास गरियो कि प्रधानमन्त्री दिल्ली जानुभन्दा दुई घण्टा अगाडि प्रमाणीकरण गराए । यतिका हतारो किन थियो । चलिरहेको संसद् किन छल्नुपऱ्यो ? नयाँ संसद्मा किन लगिएन ? यो विषय सर्वोच्चमा पनि पुग्यो । जनस्तरबाट विरोध हुँदाहुँदै, यो राष्ट्रहितमा थिएन भन्ने थाहा हुँदाहुँदै प्रमाणीकरण गरियो । जसले यो विधेयक भारतीय 'प्रोजेक्ट' थियो भन्ने थाहा हुन्छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा संवैधानिक प्रक्रिया मिचेर निस्क्रिय भइसकेको विधेयक किन प्रमाणीकरण गरियो भन्ने प्रश्नको उत्तर अहिलेसम्म कसैले दिन सकेको छैन । यसको परिणाम अहिले स्पष्ट देखिन थालेको छ । हजारौं हजार गैरनागरिकले नागरिकता पाउने बाटो खुलेको छ । नेपालचाहिँ अब नागरिकता बाँड्ने मुलुक भएको छ । यथास्थितिमा प्रमाणीकरण भइसकेपछि मधेस प्रदेशमा भारतीय नागरिकहरु नेपाली नागरिकता लिनका लागि घुइँचो लागेको कुरा समाचारमा आइरहेको छ । यो हाम्रो लागि दुर्भाग्यपूर्ण कुरा हो ।

२०६२/६३ मा ५० लाख जति भारतीयले नेपाली नागरिकता लिएको कुरा आएको थियो । यो विधेयकअनुसार ६० देखि ८० लाख गैरनेपालीले नागरिकता पाउने निश्चित छ । अब नेपालीहरु भविष्यमा आफ्नै देशमा अल्पमतमा पर्ने अवस्था देखिन्छ । र, नागरिकता विधेयक पारित भएपछि मुलुक फिजीकरणतिर गइसक्यो । लेन्डुप प्रवृत्तिका नेताको नेतृत्वले यो भूमिलाई सिक्किमीकरणको बाटोमा लगिसकेको भान हुन्छ । जनविद्रोहबाट यो नागरिकता विधेयक खारेज गर्नुपर्छ ।

नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास काण्ड यी दुई केश राष्ट्रविरुद्धको अपराध हुन् । यो संगठित अपराध हो । सबैभन्दा ठूलो कुरा शक्तिको दुरूपयोग हो । यो नेपालीको शिरलाई झुकाउने लज्जास्पद हर्कत हो । नेता, नेतृत्व र दलका मान्छेहरु शक्तिको आडमा पैसाका लागि राज्यको सम्पत्ति कसरी दोहन गर्छन् र कुन हदसम्म अपराध गर्न तयार हुन्छन् भन्ने यो गतिलो उदाहरण हो । दुवै प्रकरणमा अब राज्य निर्मम बन्नुपर्छ र यसमा संलग्न सबैलाई कारबाही गर्नुपर्छ । ललिता निवास प्रकरणका मान्छेहरु, नेताहरु, नक्कली भुटानी शरणार्थी प्रकरणमा आरजु देउवा, मञ्जु खाण, रामबहादुर थापा र अहिलेको अख्तियार प्रमुखसहितका व्यक्तिहरुमाथि समेत गम्भीर छानबिन नगरिएमा यी दुवै मुद्दा टुंगोमा पुगेको मानिने छैन । साना माछाहरुलाई मात्र कारबाही गरेर कुनै अर्थ छैन । यो देखावटी र राजनीतिक 'स्टन्ट'मात्र हुनेछ ।

ललिता निवास प्रकरण नै उदाहरण भइसक्यो । यदि व्यवस्था बचाउने हो भने २०४६ सालपछि भएका भ्रष्टाचारका सम्पूर्ण फाइल खोलिनुपर्छ । सत्ता र शक्तिमा बसेका सबैको सम्पत्ति छानबिन हुनुपर्छ । ठूलाठूला मुद्दाहरु यती काण्ड, ओम्नी काण्ड, प्रिन्टिङ प्रेस काण्ड, ३३ केजी सुन काण्ड, नेपाल ट्रस्ट र सगरमाथा राष्ट्रिय निकुञ्जका जग्गा प्रकरणलगायतको समेत अब फाइल खोल्नुपर्छ । सामेल भएका सम्पूर्णलाई कानुनको दायरामा ल्याएर जेल चलान गर्नुपर्छ । अनिमात्र राजनीतिक सूत्रपात हुनेछ ।

संविधानले यो मुलुक समावेशिता, समानता र समाजवादउन्मुख भनेको छ, तर मान्छेलाई आत्मदह गर्नेसम्मको अवस्थामा पुऱ्याइएको छ । बिहान-बेलुका के खाउँ भन्ने अवस्थामा जनता छन् । मुलुक रेमिटचान्सबाट चलेको छ । कृषिप्रधान मुलुक भनिएको छ, तर जमिन बाँझै छ । उत्पादन छैन, सरकारसँग कुनै नीति छैन । मुलुक निर्यातमुखी बनाइएको छ, यो अत्यन्त दुर्भाग्यपूर्ण कुरा हो र सरकारले यस कुरामा ध्यान नदिएमा, यसलाई गम्भीररूपमा नलिएमा जनविद्रोह निश्चित छ । सरकारकै कारण महँगी बढिरहेको छ ।

नयाँ आर्थिक वर्षको बजेट ठूलो विरोधका बाबजुत पनि पास भयो । संसद्मा छलफल भए तर बजेटमा एउटा कमासमेत परिवर्तन गरिएन, यो बजेटमा देशको आवश्यकता के हो, हाम्रो गन्तव्य के हो, शिक्षा, स्वास्थ्य र कृषिलगायत सबै कुराको मोडल के हो भन्ने कुरा कतै छैन । ठूला दलका नेताको क्षेत्रमामात्र सम्पूर्ण बजेट खन्याइएको छ । र, अर्को निर्वाचनमा आफ्नो क्षेत्र सुरक्षित गर्ने हिसाबले मात्र बजेट आएको छ । यो आपत्तिजनक र संविधानको मूल्य मान्यताविपरीत छ । यो बजेटले हाम्रो देशको आवश्यकतालाई पूरा गर्न सकेको छैन । यसबारे गम्भीररूपमा सोच्नुपर्छ र चार ठूला दलका नेताको क्षेत्रमा मात्र ५१ प्रतिशत बजेट पारिनु भ्रष्टाचार हो । शक्तिको दुरूपयोग हो र सबैभन्दा ठूलो कुरा तीन करोड जनताको अपमान हो । सत्ताधारीहरुले के भुल्नुहुन्न भने नेपाल भनेको उनीहरुको निर्वाचन क्षेत्रमात्र होइन । उनीहरुले यहाँ नेपालमा ७७ जिल्ला छन् भन्ने भुल्नु हुँदैन ।

पछिल्लो अवस्थामा ज्ञानेन्द्र शाह सक्रिय भएको महसुस हुँदै छ । विभिन्न आकलनहरु गरिँदै छ । उनको भारत र थाइल्याण्ड भ्रमण र हरू गतिविधिले कतै सत्तामा फेरि फर्कने त होइन ? भन्ने किसिमको परेको देखिन्छ । र, यो भनेको ४० वर्षदेखि सत्ता र शक्तिमा रहेकाहरुले विकल्प दिन नसक्नुको परिणाम हो । अब वर्तमान नेता, नेतृत्व र दलीय सिण्डिकेटले मुलुक थिलथिलो भएको अवस्थामा नेपाली जनताले अहिलेको व्यवस्थाको विकल्प चाहेका छन् कि भन्ने परिदृश्य देखिँदै छ । दलका नेताहरुको व्यापक भ्रष्टाचारबाट आजित नेपाली जनताले के गणतन्त्र यस्तै हुन्छ ? भन्ने प्रश्न गर्न थालेको महसुस हुँदै छ । सबैभन्दा ठूलो कुरा संघीयताको व्यापक विरोध हिन्दू राष्ट्रको कुरा र पछिल्लो अवस्थामा पुष्पकमल दाहालसहितको गेरुवस्त्रको अवतारले कतै भित्रभित्र केही त पाक्दै छैन ? भन्ने ठूलो आशंका अब्जाएको छ ।

गएको निर्वाचनमा म संघीय सांसदमा स्वतन्त्र उम्मेदवार उठेको थिएँ । अनुभव अत्यन्त राम्रो रह्यो । काठमाडौं क्षेत्र नं. ९ को भूगोल, सभ्यता, संस्कृति र सबैभन्दा ठूलो कुरा हरेक तहका मानिसहरुसँग भेटघाट गर्ने, साक्षात्कार गर्ने सौभाग्य मिल्यो र मेरा लागि ठूलो अवसर थियो त्यो थियो । प्रत्येक मतदाताको घर घरमा पुग्ने प्रयास गरेँ, भेटेँ, आफ्ना कुरा राखेँ । उनीहरुका समस्या बुझेँ र बुझ्ने मौका पाएँ । र, अनुभव अनुपम रह्यो । जनताको साथ पनि राम्रै पाएँ । चुनावमा हारजित हुन्छ । जित्न सकिनँ तर पनि यो क्षेत्र र जनताको आवश्यकताको पक्षमा वकालत गर्न, आवाज उठाउन मैले छोडेको छैन । मतदाताको घरघरमा जान छाडेको छैन र अहिले पनि म जनतासँगै छु, मैदानमै छु । र, पत्रपत्रिका, टेलिभिजन, फेसबुक युटचुबका माध्यमबाट जनताको आवश्यकताका कुरा उठाइरहेको छु । राष्ट्रियताको सवालमा बोलिरहेको छु, लेखिरहेकै छु र सरकारको नराम्रो कुराहरु भण्डाफोर गरिरहेको छु । भ्रष्टाचार विरोधी अभियानमा सरिक छु र सबैभन्दा महत्त्वपूर्ण कुरा आगामी निर्वाचन पनि म यसै क्षेत्रमा उठ्ने प्रतिबद्धता व्यक्त गर्दछु । र, म स्वतन्त्र छु । कुनै पार्टीमा आबद्ध छैन । स्वतन्त्र उम्मेदवारकैरूपमा काठमाडौं क्षेत्र नं. ९ का जनताको घरदैलोमा उपस्थित हुनेछु ।

पुरानाले निकास दिन सक्दैनन् भन्ने पुष्टि भइसकेको छ । भर्खर जन्मिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पनि दमदाररूपले प्रस्तुत हुन सकेन । एमाले र कांग्रेससँगै सती जाने अवस्था देखियो । अब मेरो सिद्धान्त मिल्ने कुनै दल आएमा र अझ स्पष्टरूपमा भन्नुपर्दा बालेन्द्र साह र हर्क साम्पाङहरुसँग कसरी अगाडि बढ्ने भनेर कुरा भइरहेको छ । सायद हाम्रो दल पनि उनहरुसँग मिलेर बन्न सक्छ । यसमा विकल्पहरु धेरै छन् र २०८४ सालको निर्वाचनलाई ध्यानमा राखेर हामी तयारी गर्दै छौं । जस्तो भए पनि हाम्रो उद्देश्य यो देश र भूगोललाई बचाउनु हुनेछ । हाम्रो युद्ध भनेको संस्कारको राजनीति र सामाजिक न्यायको लागि हुनेछ ।

ठूला दलले सत्ता चलाएको ४० वर्ष हुन लाग्यो तर निकास दिन नसकेको कुरा सत्य हो । अब आत्मसमीक्षा गरेर अगाडि बढ्नुको विकल्प छैन । यो भूगोल र सभ्यता केन्द्रमा राखेर नीति बनाउँदै नयाँ सिराबाट अगाडि बढ्नुपर्छ । यो देश कसैको पेवा होइन, राजनीतिक दल पनि राष्ट्रकै सम्पत्ति हो, जनताकै सम्पत्ति हो र कसैको पेवा हुन सक्दैन । अब सकिने कि सुध्रिने कुरा दलका तमाम कार्यकर्ता र नेतृत्वको कार्यशैलीमा भरपर्ने हुनाले अब कार्यशैली बदल्नुस्, आफ्नै सोचले अघि बढ्नुस् र सबैभन्दा ठूलो कुरा विधि विधानमा बसेर काम गर्ने परिपाटीको सूत्रपात गर्नुस् । यसबाहेक अब अन्य विकल्प छैन ।

## पत्र-मञ्जुषा

### कर्मचारीतन्त्रको सुधारविना परिवर्तन असम्भव

देशभरका विभिन्न सरकारी निकायमा ६५ हजारभन्दा बढी करार कर्मचारी छन् । कार्यालयका हाकिमहरुले आफ्ना आफन्तलाई करारमा राखेका छन् । महानिर्देशक, निर्देशक, सचिव, कार्यालय प्रमुखले करारको नाममा धमाधम आफ्ना आफन्तलाई जागिर खुवाएका छन् । करारमा बसेका कर्मचारी पनि कर्मचारी हुन् र ? यो प्रश्न लामो समयदेखि उठेको छ । किनकि सरकारी कार्यालयमा करार कर्मचारीको कुनै काम नै छैन । बिहान १० बजे हाजिर हुनुपर्ने कर्मचारी १२ बजे हल्लिँदै आउँछन्, ३ बजेसम्म गफ ठोक्छन् अनि घरतिर दौडिन्छन् ।

कार्यालयमा एक हजारको सामान किन्यो भने पाँच हजारको बिल बनाउँछन् । सरकारी कार्यालयमा जागिरे पिउनदेखि हाकिमसम्म उस्तै प्रवृत्तिका हुन्छन् । घूस खान तलदेखि माथिल्ला तहसम्मका कर्मचारी एक नम्बरका हुन्छन् । सरकारी गाडी दुरूपयोग गर्नु र गफ ठोकेर दिन कटाउनु त यिनीहरुको स्वभाव नै भइहाल्यो ।

करारमा काम गर्नेले त तलब पचाउनका लागिमात्रै जागिर खाएका हुन् भन्ने त स्पष्ट छ । आफ्नो आफन्तको आडमा भित्रिएकाहरुलाई काम गरे-नगरे पनि के मतलब ? तर, राष्ट्रसेवक भनिएका सरकारी कर्मचारी पनि त्यस्तै भइदिए । उनीहरुले राष्ट्र र जनताका लागि नभई आफ्नो व्यक्तिगत स्वार्थका लागि जागिर खाएको प्रस्टै हुन्छ । सरकारले त्यत्रो सेवा सुविधा दिँदादिँदै पनि भ्रष्टाचार गर्छन् । छिटोछरितो जनताको काम गर्दैनन् । सरकारी सम्पत्तिको दुरूपयोग गर्छन् ।

सरकारी कर्मचारीहरु एक नम्बरको घूसखोरी हुन् भन्ने छाप जनताको मनमा परेको छ । जनताहरु सरकारी कर्मचारीहरु हेर्नै रुचाउँदैनन् । सरकारी जग्गा हिनामिनादेखि लिएर भुटानी शरणार्थी प्रकरणमा सरकारी कर्मचारीहरु मुछिए । योभन्दा लाजमर्दो कुरा के होला ? राष्ट्रसेवक भनिएकाहरुले राष्ट्रमाथि घात गर्दै आएका छन् । जति नै सुकिलामुकिला बने पनि यिनीहरुभन्दा बढी इज्जत बाटोमा खाली खुट्टा भारी बोक्नेहरुको छ ।

जे भए पनि तिनले राष्ट्रमाथि घात त गरेका छैनन् । सरकारी कर्मचारीहरु 'दिन कटाउने र माना पचाउने' काममात्रै गरिरहेका छन् । आधा दिन ढल्केपछि कार्यालय आउने अनि घण्टौं तारको टेलिफोनमा झुण्डिने । कार्यालयमै टिकटक बनाउने । हाकिमको कोठामा चिप्लो घसेर बस्ने । अनि जनताले तिरेको कर सदुपयोग भयो त ? जनताले सेवासुविधा पाए ? कार्यालयमा टिकटक बनाउन नपाइने भनेर सरकारले निर्णय गर्न ढिलाइ भइसकेको छ । सरकारी कार्यालय 'चिडिया खाना'झैं देखिन्छ ।

कर्मचारीतन्त्रमा यो बेथिति आउनुमा राजनीतिक अस्थिरताको ठूलो हात छ । त्यही राजनीतिक अस्थिरताको फाइदा उनीहरुले लुटिरहेका छन् । यसमा राजनीतिक दलहरु पनि दोषी हुन् । तर, देश र जनताका लागि काम गर्ने भनेर, जनताले तिरेको करबाट तलब सुविधा खाएर सरकारी सेवामा भर्ना भएका कर्मचारीले अलिकति पनि जिम्मेवार बन्नु पर्दैन ? देश र जनतामाथि कुठाराघात गर्न मिल्छ ? त्यस्तो पक्कै पनि मिल्दैन । तर, भइरहेको छ । यो बेथिति जुनसुकै सरकारले पनि हटाउन सक्दैन । यो हटाउनका लागि त सम्पूर्ण कर्मचारीतन्त्रमा परिवर्तन ल्याउन जरुरी छ । यो अर्को ठूलो क्रान्तिकारी काम हुनेछ । यस्तो हिम्मत गर्ने नेतृत्व देशले तत्काल पाउने देखिन्न । त्यसैले अझै वर्षौंसम्म सरकारी कर्मचारीहरुको रजगज चल्ने निश्चित छ ।

*-अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# सदरमुकाममा चामल, गाउँका डिपो रित्तै

**जाजरकोट–** कर्णाली प्रदेशभित्रका जिल्ला सदरमुकाममा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका डिपोमा चामल भए पनि गाउँका डिपो, बिक्री केन्द्र रित्तै भएका छन् । गाउँमा रहेका डिपो तथा बिक्री केन्द्रमा कर्मचारी नभएका कारण ठेकेदारले आफैं ढुवानी गरेर चामल बिक्री गरिरहेका छन् ।

सदरमुकाममा डिपोमामात्र कर्मचारी रहेका अन्य ठाउँमा कर्मचारी नहुँदा ठेकेदारले आफैं चामल बिक्री गर्ने गरेको कर्णाली प्रदेश खाद्य व्यवस्था तथा व्यापार केन्द्रको लेखा शाखाका कर्मचारी पर्वत सापकोटाले बताए । कर्मचारी अभावका कारण ढुवानीकर्ताले नै चामल बिक्री गरिरहेका उनको भनाइ छ ।

कर्णालीका जाजरकोट, डोल्पा, हुम्ला, कालीकोट, मुगु र जुम्ला जिल्लाले खाद्यान्न अभाव झेल्ने गरेका छन् । यी जिल्लामा उत्पादन हुने खाद्यान्नले वर्षभरि खान नपुग्ने भएकाले बजार तथा कम्पनीको चामलको भरमा यहाँका सर्वसाधारण रहेका छन् । सरकारी तथ्यांकअनुसार कालीकोटमा वार्षिक २९ हजार ७३९ मेट्रिकटन खाद्यान्न आवश्यक पर्दछ । तर, यहाँ वार्षिक १७ हजार ९६४ मेट्रिकटन खाद्यान्न कमी रहेको छ ।

यस्तै जाजरकोटमा दुई हजार ९७, डोल्पामा दुई हजार ७८७, जुम्लामा सात हजार ३०, हुम्लामा आठ हजार २७३ र मुगुमा पाँच हजार ४४४ मेट्रिकटन खाद्यान्न अपुग हुने गरेको भूमि व्यवस्था कृषि तथा सहकारी विकास मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

कर्णालीमा वार्षिक २३ हजार ४२० मेट्रिकटन खाद्यान्न अपुग रहँदै आएको मन्त्रालयले जनाएको छ । कर्णालीका रुकुमपश्चिम, सल्यान, सुर्खेत र दैलेखमात्र खाद्यान्नमा आत्मनिर्भर छन् । रुकुम पश्चिमले आवश्यकता परिपूर्ति गरेर वार्षिक चार हजार १०० मेट्रिकटन खाद्यान्न सञ्चित गर्दै आएको छ ।

उता सबैभन्दा बढी खाद्यान्न सञ्चित सल्यानले गर्दछ, जहाँ वार्षिक १३ हजार ९९६ मेट्रिकटन सञ्चित हुने गर्दछ । अहिले सुर्खेतमा करिब १२ हजार क्विन्टलभन्दा बढी चामल गोदाममा मौज्दात छ । सुर्खेतमा ७७ हजार ६६० मेट्रिकटन खाद्यान्न आवश्यक हुन्छ भने त्यसमध्ये ७८ हजार ७३४ मेट्रिकटन उत्पादन गरेर एक हजार ७४ मेट्रिकटन भण्डार गर्दै आएको छ । बाँकी जिल्लामा भने स्थानीय उत्पादनले वर्षभरि खान पुग्दैन । बाह्र हजार क्विन्टलभन्दा बढी चामल गोदाममा मौज्दात रहेको र साउन २० गतेसम्म नयाँ बोलपत्रको ठेक्का खोल्ने काम हुने सापकोटाले बताए ।

असार २३ गतेसम्म हुम्लामा ४००, जुम्लामा ८८०, मुगुमा एक हजार ३००, जाजरकोटमा एक हजार २००, कालीकोटमा ४००, दैलेखमा ५००, डोल्पामा चार हजार र सुर्खेत जिल्लाका लागि तीन हजार ५०० क्विन्टल चामल सदरमुकामस्थित गोदाममा मौज्दात रहेको थियो ।

